| | |
|---|---|
| ऐन संख्या :- | २० |

# कैलारी गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७५/०४/१० |

**कैलारी गाउँपालिका**
**कैलाली, जिल्ला**
**प्रदेश नं. ७**

**प्रस्तावनाः**

स्थानीय जनताहरुको स्वास्थ्य हित र भलाईलाई ध्यानमा राखी आधारभूत स्वास्थ्य, मातृस्वास्थ्य, प्रजनन् स्वास्थ्य, नवजात शिशु स्याहार र सरसफाई सेवा प्रदान गर्ने कार्यमा स्थानीय सरकारको प्रमुख जिम्मेवारी एवं अनिवार्य आवश्यकता रही आएको र सोको नियमन, नियन्त्रण, व्यवस्थापन, संचालन कार्यान्वयनमा स्पष्ट कानुनी व्यवस्था गरि कार्यसम्पादन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१ र धारा २२६ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ र १० का अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को प्रकृया पुरा गरी सोही दफा १०२ वमोजिम कैलारी गाउँ सभाले यो ऐन जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनलाई "कैलारी गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन, २०७५" भनिने छ।

(ख) यस ऐन कैलारी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले कैलारी गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई ऐन २०७५ लाई सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले कैलारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) "ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्था" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(घ) "निजी स्वास्थ्य संस्था" भन्नाले सेवाको सँगसँगै नाफाको समेत उद्देश्य राखी निजी क्षेत्रबाट संचालन हुने स्वास्थ्य संस्था भनेर सम्झनु पर्दछ।

(ङ) "प्रमुख वा अध्यक्ष" भन्नाले कैलारी गाउँपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(च) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(छ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेदिक केन्द्र, नगर स्वास्थ्य केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाइलाई सम्झनु पर्दछ।

(ज) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई बुझ्नु पर्दछ।

(झ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ञ) "समिति" भन्नाले दफा ५ अनुसार गाउँपालिकामा गठिन गाउँ स्वास्थ्य तथा सरसफाइ समितिलाई सम्झनु पर्दछ साथै यस ऐन अनुसार गठित अन्य समितिहरुलाई समेत सम्झनुपर्दछ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :** स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन ।

(क) **सरकारी वा सामुदायिकः** सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, आयूर्वेद औषधालयहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) **निजीः** निजी क्षेत्रद्धारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) **ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः** ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

४. **स्वास्थ्य सेवाको आधारभूत मापदण्डः** स्वास्थ्य सेवाको आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुनेछ ।

५. **गाउँपालिका स्तरिय स्वास्थ्य तथा सरसफाई समिति गठन**

(१) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख, अनुगमन, नियमन र नियन्त्रण गर्न गाउँ स्वास्थ्य तथा सरसफाई समितिको गठन गरिने छ । यस समितिको गठन यस प्रकार हुने छः

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँ सभाका सदस्यहरु मध्येबाट कम्तिमा १ जना महिला हुनेगरी गाउँपालिकाका अध्यक्षले तोकेको २ जना - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था ब्यवस्थापन समितिका अध्यक्ष मध्ये प्रत्येक वर्ष परिवर्तन हुने गरी कार्यपालिकाले तोकेका १ जना - सदस्य

(च) स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य तथा सरसफाई क्षेत्रमा अनुभव र विषयगत तथा क्षेत्रगत विज्ञता भएका विज्ञहरु मध्येबाट समितिले आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

६. **गाउँपालिका स्तरिय स्वास्थ्य तथा सरसफाई समितिको काम, कर्तव्य र अधिकार**

(१) गाउँ स्वास्थ्य तथा सरसफाई समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।

(क) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी गाउँपालिकालाई आवश्यक परामर्श दिने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई आवश्कता अनुसार निर्देशन र सल्लाह प्रदान गर्ने र शिघ्र, सहज र सरल स्वास्थ्य सेवा प्रदान गर्नको लागि सक्षम र सजग वनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने/गराउने ।

(ङ) स्वास्थ्य संस्था र स्वास्थ्यका कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) गाउँ कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) स्थानीय जनताहरुलाई स्वास्थ्य सेवा प्राप्तीको प्रत्याभूती गराउने ।

(ञ) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

**७. स्वास्थ्य व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार**

(१) गाउँपालिका मार्फत स्थापित सामुदायिक अस्पतालको व्यवस्थापन समितिको गठन देहाय अनुसार गरिनेछ ।

(क) गाउँपालिकाले तोकेको प्रतिनिधि - अध्यक्ष

(ख) अस्पताल स्थापनार्थ सहयोग गर्ने निकाय वा व्यक्तिहरु मध्येबाट गाउँपालिकाले तोकेको १ जना - सदस्य

(ग) गाउँसभाका सदस्यहरु मध्येबाट एक जना महिला सहित २ जना - सदस्य

(घ) गाँउपालिकाको स्वास्थ्य तथा सरसफाई शाखा प्रमुख - सदस्य

(घ) सम्बन्धित वडाको वडा सचिव - सदस्य

(ङ) सम्वन्धित अस्पतालको प्रमुख सदस्य सचिव

(२) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेदिक औषधालय, सामुदायिक स्वास्थ्य इकाइ व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टाछुट्टै स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठन गरिने छ ।

(क) गाँउपालिका अध्यक्ष संरक्षक

(ख) सम्वन्धित वडाको प्रमुख अध्यक्ष

(ग) अध्यक्षले मनोनित गरेको व्यक्ति उपाध्यक्ष

(घ) स्थानिय व्यापार संघको प्रतिनिधी १ जना सदस्य

(ङ) संरक्षकबाट मनोनित लब्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रको जानकार १ जना महिला सदस्य

(च) स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक १ जना सदस्य

(छ) सम्बन्धित वडाको वडा अधिकृत / सचिव १ जना — सदस्य

(ज) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख — सदस्य सचिव

(३) स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका काम कर्तब्य निम्नानुसार हुनेछन् :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक नीति तथा योजना बनाई सम्बन्धित वडा समिति मार्फत गाउँपालिकामा पेश गर्ने ।

(ख) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य क्षेत्रमा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम संचालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ङ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(च) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

**८. बैंक खाता संचालनः** (१) हरेक स्वास्थ्य संस्थाले वैंक खाता खोल्न सक्ने छ ।

(२) स्वास्थ्य संस्थाको वैंक खाता स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ३
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

### ९. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

**(१)** **अस्पताल :** गाउँपालिका आफैले ताकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल संचालन गर्न सक्नेछ । यस्तो अस्पताल संचालन गर्न गाउँपालिकाले अस्पताल संचालन नियमावली तर्जुमा गरी संचालन गर्नेछ ।

**(२)** **स्वास्थ्य चौकी :** गाउँपालिकाले प्रत्येक वडा अर्थात जनसंख्याको अनुपातमा कम्तिमा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य चौकी संचालन गर्नुपर्नेछ :

**(क)** **जनशक्तिः** स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) १ जना, ल्याव असिष्टेण्ट १ जना, अहेव ३ जना, अनमी २ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु

**(ख)** **भवन कोठाः** प्रशासन कक्ष, विरामी जाँच कक्ष, आकस्मिक कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, परिवार नियोजन, गर्भवती जाँच तथा सुत्केरी कक्ष, नवजात शिशु स्याहार कक्ष, प्रयोगशाला जस्ता सुविधा सहितको भवन ।

**(ग) उपकरणः** प्राथमिक उपचारका आधारभूत उपकरण।

(३) गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगाध्यान लगायतका रोकथाममुलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुसँको साझेदारीमा वा गाउँपालिका आफैंले आवश्यकता अनुसार आयूर्वेधिक औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

**(क) जनशक्तिः** कविराज १ जना, वैद्ध १ जना, आवश्यकता अनुसार सहायक कर्मचारीहरु

**(ख) भवन कोठाः** प्रशासन कक्ष, पंच कर्म कक्ष, विरामी जाँच कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, योगा ध्यान कक्ष औषधी प्रशोधन तथा निर्माण कक्ष जस्ता सुविधा सहितको भवन ।

**(ग) उपकरणः** आर्युवेद उपचारका आधारभूत उपकरण ।

**१०. निजी क्षेत्रले अस्पताल संचालन गर्न सक्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल संचालन गर्न चाहेमा १५ शैया सम्मको अस्पताल संचालन अनुमती गाउँपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल संचालन गर्न चाहने निकायले अनुमतीको लागि तोकिएको ढाँचामा गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) गाउँपालिका स्वास्थ्य सेवा तथा सरसफाई समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सक्नेगरी आशय पत्र प्रदान गर्न गाउँकार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा गाउँ कार्यपालिकाले ६ महिना समयभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल संचालनको स्वीकृती प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतीका लागि गाउँ कार्यपालिकामा निवेदन दिनु पर्नेछ

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेको ठहर भएमा अस्पताल संचालनको अनुमती प्रदान गर्न कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त सिफारिसको आधारमा कार्यपालिकाले अनुमती प्रदान गर्नेछ ।

(८) आशयपत्रमा उल्लेख गरिएको समय भित्र तोकिएको मापदण्ड पुरा गरेको नपाईएमा स्वीकृति प्रदान नगर्न सकिनेछ ।

**११. जनरल अस्पताल तथा आयुर्वेद अस्पताल संचालन गर्न आवश्यक मापदण्डः** गाउँपालिकाको स्वीकृतीमा संचालन हुने अस्पताल/आयुर्वेद अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पुरा गर्नुपर्नेछ ।

**(क) जनरल अस्पताल :** आधुनिक चिकित्सा पद्धती अनुसार उपचार व्यवस्थापन हुने अस्पतालहरु को मापदण्ड

**(१)** **जनशक्तिः** कम्तिमा १ एमडिजिपी/एमडि, २ जना एमविविएस डाक्टर, कम्तिमा ६ जना स्टाफ नर्स, कम्तिमा २ जना एचए, १ जना फार्मेसी, कम्तिमा एक जना ल्याव टेक्निसियन, रेडियोलोजी, अ.हे.व., अ.न.मी. २/२ जना र आवश्यक मात्रामा सहायक र सहयोगी स्वास्थ्यकर्मी

**(२)** **भवन तथा कोठाः** दर्ता चलानी, वहिरंग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, फार्मेसी, एक्सरे कक्ष तथा पार्किङ

**(३)** **उपकरण र पूर्वाधारः** सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने बेड र लाइफ सपोर्ट सिष्टम, २४ घण्टा विद्युत र खानेपानी सेवा भएको, रक्त सञ्चार सेवा, अक्शिजनको व्यवस्था, चिकित्साजन्य फोहर ब्यवस्थापनको प्रणालीको भएको हुनुपर्ने ।

**(४)** **अन्य** थप सुविधाको हकमा गा.पा.ले तोके बमोजिम हुनेछ ।

**(ख)** **आयुर्वेदिक अस्पताल संचालनका लागी आधारभुत मापदण्डहरु**

**(१)** **जनशक्ति :** २ जना आयुर्वेदिक चिकित्सक, २ जना कविराज, २ जना वैद्य र आवश्यकतानुसार अन्य स्वास्थ्यकर्मी तथा सहायक कर्मचारीहरु ।

**(२)** **भवन कोठाः** प्रशासन कक्ष, पंच कर्म कक्ष, विरामी जाँच कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, योगा ध्यान कक्ष औषधी प्रशोधन तथा निर्माण कक्ष जस्ता सुविधा सहितको भवन ।

**(३)** **उपकरणः** आर्युवेद उपचारका आधारभूत उपकरण ।

**(४)** **अन्य** थप सुविधाको हकमा गा.पा.ले तोके बमोजिम हुनेछ ।

**१२.** **पोलिक्लिनिक संचालनको अनुमतीः**

(१) गाउँपालिकाले आफ्नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पालिक्लिनिक संचालन गर्न चाहेमा तोकिएको मापदण्ड पुरा गरी स्वीकृती लिनु पर्नेछ ।

**१३.** **प्रयोगशाला वा ल्याबोरेटोरी संचालनः** व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी संचालन गर्न देहाय बमोजिमको विवरण सहित गाउँपालिकाबाट स्वीकृती लिनु पर्नेछ ।

(१) संचालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी संचालन गर्ने स्थान, घरधनी र संचालकबीचको घरभाडा सम्बन्धी संझौता पत्र

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा **अन्य** सेवा सुविधाको हकमा गा.पा.ले तोके बमोजिम हुनेछ ।

(५) ल्याबमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) प्रस्तावित लागत

(७) अन्य मापदण्डको हकमा गा.पा.ले तोके बमोजिम हुनेछ ।

## १४. फार्मेसी संचालनको अनुमती

(१) गाउँपालिका क्षेत्रभित्र फार्मेसी/औषधी पसल संचालन गर्न चाहेमा सम्बन्धित गाउँपालिकाबाट अनुमती लिनु पर्नेछ ।

(२) फार्मेसी संचालनका लागी फार्मेसी परिषदमा दर्ता भइ औषधी व्यवस्था विभागबाट औषधी विक्री वितरणको इजाजत पत्र प्राप्त गरेको र औषधी पसलको हकमा औषधी व्यवस्था विभागबाट तालीम प्राप्त गरि औषधी विक्री वितरणका लागी इजाजत पत्र प्राप्त ब्यक्ति सञ्चालक रहने गरी फार्मेसी/ औषधी पसल सञ्चालन गर्न सक्नेछ । तर आयुर्वेदिक औषधी पसलको हकमा बैद्य, कविराज वा आयुर्वेद चिकित्सा अध्ययन गरि औषधी व्यवस्था विभागबाट आयुर्वेदिक औषधी विक्री वितरणका लागी इजाजत पत्र प्राप्त ब्यक्ति सञ्चालक रहने गरि आयुर्वेदिक औषधी पसल सञ्चालन गर्न सक्नेछ ।

(३) फार्मेसी/औषधी पसल तथा आयुर्वेदिक औषधी पसल संचालन गरिने स्थान, विक्री वितरण गर्ने औषधीका प्रकारहरुको विवरण, फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकता र हालको वसोवास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस आवेदन साथ पेश गर्नुपर्ने ।

(४) प्राप्त विवरण सहित को आवेदन बमोजिम फार्मेसी संचालनको अनुमती दिन सक्नेछ ।

(५) फार्मेसी संचालकले विरामी चेकजाँच र उपचार गर्न पाउने छैन तर चिकित्सक वा स्वास्थ्यकर्मीहरुले बिरामी पुर्जामा उल्लेख गरे बमोजिम औषधी विक्री वितरण गर्न बाधा पर्ने छैन ।

(६) अन्य मापदण्डहरुको हकमा तोकिए बमोजिम हुनेछ ।

## १५. क्लिनिक संचालन अनुमति

(१) **स्वास्थ्य क्लिनिक** भन्नाले चिकित्सकले चेकजाँच गर्ने व्यवस्था भएको क्लिनिकलाइ बुझाउनेछ । तोकिएको मापदण्ड पुरा भइ दर्ताका लागी पेश भइ आएमा क्लिनिक दर्ता गरि संचालनको अनुमति प्रदान गर्न सकिनेछ ।

(२) **जनरल स्वास्थ्य क्लिनिक** भन्नाले पारामेडिक्स स्वास्थ्यकर्मीले कुनै पनि व्यक्तिको स्वास्थ्य सम्बन्धि जाँच, निदान, उपचार, व्यवस्थापन, तथा रोकथामका लागी आबश्यक परामर्श र सुझाव दिने, तोकिए बमोजिमको औषधी वितरण गर्ने तथा सम्बन्धित माथिल्लो तहमा प्रेषण गर्ने ठाउलाइ जनरल स्वास्थ्य क्लिनिकलाइ बुझाउनेछ ।

क) उल्लेखित क्लिनिकबाट नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएका पारामेडिक्सले मात्र स्वास्थय व्यवसाहि परिषदको CODE OF ETHICS भित्र रहि प्रिस्काइविङ, डिस्पेन्सिङ तथा व्यवस्थापकिय कार्य अन्तर्गतका सेवा दिन सक्नेछन ।

ख) अन्य मापदण्डको हकमा गाँउपालिकाले तोके बमोजिम हुनेछ ।

**१६. मापदण्ड पुरा नगरेमा सजाय हुने**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा संचालनको स्वीकृती लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुक्याएर झुटा विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पुरा गरेको पाइएमा समितिले सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृती खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ ।

(२) प्रयोगशालामा तालिम प्राप्त प्रयोगशालाकर्मी बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परिक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला वन्द गराउन सक्ने, सञ्चालकलाई कालोसूचीमा राखी सो को आम जनतालाई जानकारी दिइनेछ ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी वाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउने देखि अनुमति खारेज गर्न सकिने ।

**१७. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः** निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य परिक्षणका क्रममा लाग्ने शुल्क गाउँपालिकाको सिफारिसमा निश्चित प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ । यसरी सहुलियत तथा छुटको सेवा दिँदा अति न्यून आय भएका, अनाथ, अपाँग भएका व्यक्तिहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

## परिच्छेदः ४

## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम् सेवा सम्बन्धी व्यवस्था

**१८. स्वास्थ्यकर्मीको व्यवस्थापनः** गाउँपालिका भित्रका सामुदायिक स्वास्थ्य संस्थाहरु मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका स्वास्थ्यकर्मीहरु

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य विषय अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा गाउँपालिकाले भर्ना गर्न सक्ने छ । यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका

१९. **महिला स्वास्थ्य स्वयंसेविकाको ब्यबस्थाः** स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुऱ्याउन र जनचेतना फैलाउन गाउँ पालिकाले महिला स्वास्थ्य स्वयंसेविकाहरुको व्यवस्थालाइ निरन्तरता दिनेछ ।

(१) महिला स्वास्थ्य स्वयंसेविका छनौटका लागि २५ वर्ष पुरा भई ४० वर्ष ननाघेको, शैक्षिक योग्यता न्युनतम १० कक्षा अध्ययन गरेको सम्वन्धित वडामा स्थायी बसोवास भएको विवाहित नेपाली नागरिक हुनुपर्ने छ ।

(२) एउटा वडामा न्युनतम संख्या १० हुने गरी औसत प्रति ४०० जनसंख्याको लागि १ जना महिला स्वास्थ्य स्वयंसेविकाको व्यवस्था हुने गरि सम्बन्धित स्वास्थ्य आमा समुहले छनौट गरि सम्बन्धित वडामा रहेको स्वास्थ्य संस्थामा गर्नसक्ने छ ।

(३) प्रत्येक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाईस्वास्थ्य सम्वन्धी आधारभूत तालिम ९/९ दिन गरी १८ दिनको प्रदान गरिनेछ ।

(४) यसभन्दा पहिले देखि नै कार्यरत महिला स्वयंसेवीकाहरु मध्ये निरक्षर र ५० बर्ष उमेर पुगेकालाई प्रोत्साहन भत्ताको ब्यबस्था गरि बिदाइ गरिने छ र नयाँ नियुक्त गर्दा,कम्तिमा १० बर्षसम्म स्वयंसेविका भइ कामगर्न इच्छुक, दलित जनजाती तथा पिछडिएको वर्गका महिलाहरुलाइ प्राथमिकता दिइ छनौट गरिनेछ । तर कुनै पनि संस्थामा कार्यरत तलबी कर्मचारीले महिला स्वास्थ्य स्वयं सेविकाको रुपमा कार्य गर्न पाइने छैन ।

२०. **स्वास्थ्यकर्मीको सेवा सुविधाः**

(१) **स्थायी स्वास्थ्यकर्मीः** नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय गाउँ/गाउँ कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) **करार स्वास्थ्यकर्मीः** प्रचलित तलब स्केल र दुई पक्षबीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) **अभ्यासकर्ता स्वास्थ्यकर्मीः** निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको दुई तिहाई रकमसम्म उपलब्ध गराउन सकिने छ ।

(४) **स्वास्थ्य स्वयंसेविकाः** पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

२१. **स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः** सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी गाउँकार्यपालिकाले निर्धारण गर्ने छ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन्। समायोजनमा नआएका कर्मचारीहरुको हकमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(२) सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारको वर्तमान दर्वन्दि तेरिजको आधारमा संस्था प्रमुख रहने व्यवस्था गरिने छ ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा करार नियुक्ति सम्बन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) गाउँपालिकाको स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य - संयोजक

(ख) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) गाउँपालिकाको स्वास्थ्य तथा सरसफाइ शाखा प्रमुख – सदस्य सचिव

(४) छनौट समितिको कार्यविधि गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. कर्मचारी सरुवाः**

(१) स्थायी स्वास्थ्यकर्मीको हकमा निजले कुनै एक स्वास्थ्य संस्थामा अधिकतम ५ वर्ष सेवा गरे पश्चात अर्को स्वास्थ्य संस्थामा सरुवा हुनुपर्ने छ । विशेष परिस्थिती बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एकै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा गाउँपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई शाखाले आफ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरवन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी सगैं रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिने छ ।

**२३. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृतसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले तयार पारी गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**२४. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार**

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

**२५. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

**२६. औषधी तथा स्वास्थ्य उपकरण खरिद**

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

**२७. औषधी तथा स्वाथ्य उपकरणको भण्डारण**

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । आवश्यकता अनुसार परिमाण निर्धारण गरि उपकरण र औषधीहरु खरिद गरिनेछ ।

(३) गाउँपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी सम्वन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद ६

## स्वास्थ्य सेवाको अधिकतम मुल्य र न्यूनतम गुणस्तर , सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

**२८. स्वास्थ्य सेवाको अधिकतम मुल्य र न्यूनतम गुणस्तर तोक्न सक्ने**

(१) गाउँपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय सेवा र स्वास्थ्य सेवाहरुको अधिकतम सेवा शुल्क र गुणस्तर निर्धारण गर्न सक्नेछ । गाउँपालिका स्वास्थ्य तथा सरसफाइ समिति मार्फत निर्धारित गुणस्तर र सेवा शुल्क उपयुक्त भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिनेछ ।

**२९. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन**

(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ ।

(२) आबश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।

**३०. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन**

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य तथा सरसफाई अनुगमन समितिले आवश्यक ब्यवस्था मिलाउने छ ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ ।

## परिच्छेद ७

## महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

**३१. रोग तथा रोगीहरुको अभिलेख र प्रतिवेदन**

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी यथाशिघ्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

**३२. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपर्ने**

(१) स्थानीय स्तरमा रोगको महामारी वा प्राकृतिक प्रकोप फैलिएमा गाउँपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक सर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**३३. मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ ।

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । अस्पताल तथा स्वास्थ्य संस्था, विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ ।

**३४. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन**

(१) गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले ब्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला ब्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा समितिको सिफारिसमा गाउँपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ८
## विविध

**३५. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिस**

(१) राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र गाउँपालिकाबाट सिफरिश लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिंदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि गाउँपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ ।

**३६. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुर्‍याउनु पर्ने:**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई गाउँपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

**३७.** स्वास्थ्य आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

**३८.** गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक रुपमा गाउँपालिका समक्ष बुझाउनु पर्नेछ ।

**३९.** गाउँपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी ब्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र ब्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण तथा विशेषज्ञ सेवा प्राप्त गर्न सक्नेछ ।

**४०.** **पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून वमोजिम पुनरावेदन लाग्नेछ ।

**४१.** **नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**४२.** **संक्रमणकालीन व्यवस्थाः** यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**४३.** **बाधा अडकाउ फुकाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँ पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**४४.** **बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्क्रीय हुनेछ ।

—————— समाप्त ——————